पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकास शाखा
कृषि विकास उप-शाख

पत्र संख्या: ०७८/०८९
च.न.

मिति २०७९/०२/०६

**व्यावसायीक कृषक, कृषक समूह/कृषि सहकारी/कृषि फर्महरु कृषकलाई उन्नत तरकारी विउ वितरण कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०७९/०२/०६**

पञ्चपुरी नगरपालिका कृषि विकास उप शाखा सुर्खेतको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक समूहमा उन्नत तरकारीको विउ बितरण कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले कृषक,कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन (२०७९/०२/१२) गते भित्र यस कृषि विकास उप शाखामा निवेदन दर्ता गरी सुचिकृत गर्न हुन यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि पञ्चपुरी नगरपालिका कृषि विकास उप शाखा वा वडा कार्यालयमा सम्पर्क गर्नु हुन समेत जानकारी गरिन्छ । साथै रित नपुगी र म्याद नाघेर आएका निवेदन माथी कुनै कारबाहि हुने छैन ।

निवेदन साथ प्रेश गर्नु पर्ने **कागजातहरु :**

- कृषक,कृषक समूह/कृषि सहकारी/कृषि फर्मको नाम, ठेगाना, सर्म्पक न., उल्लेख भएको निवेदन ।
- कृषक समूह/कृषि सहकारी/कृषि फर्मले गरेको निर्णयको प्रतिलिपी ।
- दर्ता प्रमाण " पत्रको प्रतिलिपि ।
- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

रामाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत